# सम्पादकीय

## समृद्धिको आधार कृषि

मुलुकभर जस्तै मुगुमा पनी हरेक साल कृषिजन्य उत्पादनमा हाम्रो परनिर्भरता बढ्दै गएको छ । कृषिमा वास्तविक योजना बनाई त्यसलाई लागू गर्ने प्रयास भएको देखिँदैन । चामल लगायत खाद्यान्न, मासु, तेल, तरकारी, फलफूलजस्ता उपभोग्य वस्तु पनि हामी आयात गरिरहेका छौं । झन्डै दुईदशक राजनीतिक अस्थिर तामा देश डुब्यो, अहिले देश पनी अहिले मिठो समृद्धिको सपनामा हर एको छ, त्यस्तै मुगु जिल्ला पनी । बिगतमा यातायातका साधनको सहज पहुच नभएको मुगुमा यातायातको सहज पहुचँ पुगेसगँै नयाँ सपना, रहर र जागँरहरू उजागँरमा परिणत भईर हेका छन् ।

मुलुकका कयौं क्षेत्रहरू कृषि उत्पादन मार्फत नै स्वर्गमा रूपान्तरित हुदैछन्, अनी कयौं क्षेत्रहरू बाहिर मुलुकमा कृषि उपज निर्यात गरिरहेका छन् । के मुगु बाट स्याउ, आलु, सिमी, फापर, धान, कागुनो, कोदो आदि तरकारी, फलफुल तथा अन्नबाली निर्यात गर्न सकिदैन ? तर हाम्रो जिल्लाको हकमा समृद्धिको अनिवार्य सर्तजस्तो रहेको कृषिको विकासतर्फ भने नेतृत्व तहको पर्याप्त ध्यान पुग्न सकेको छैन । मुगुको मुख्य पर्यटकिय गन्तव्य रारा तथा अन्यत्र बार्षिक रूपमा हजारौं पर्यटकहरूको आगमन हुन्छ । तर तिनलाई जिल्ला भित्रै उत्पादन हुन सक्ने स्थानिय खाद्यबालीका परिकार खुवाउनबाट चुकेका छौ अनी उस्तै जिल्लामा पाईने स्याउ बाहेकका अरू फलफुल खुवाउन बाट पनी उत्तिकै चुकेका छौं । के यातायातका साधन जोडीनुमा बाहिरबाट जिल्लालाई आवश्यक कुरा ल्याउने मात्रै होत ? त्यसो हुदै होईन । किन भने अब जिल्लाबाट जाने हरेक यातायातका साधन मार्फत हामी मुगुमै उत्पादित कृषि उपजहरू पठाउनुपर्छ ।

यसो गर्नका लगी न सरोकार वालाहरूले वास्तविक योजना बनाएका न स्थानिय तहले नै । के कृषि क्षेत्रको विकास नभई हाम्रो समृद्धिको सपना पूरा हुन सम्भव छ ? यदि छैन भने कृषि विकासका लागि जिल्लाका सरोकारवालाहरूले र स्थानिय तहहरूले किन ठोस कार्यक्रम तय गर्दैनन् ?

कृषिको विकासका लागि मिठो गफले मात्र काम चल्दैन । कृषिको आधुनिकीकरणका लागि नीतिगत, प्राविधिक विषयमा जटिल गृहकार्य गर्नुपर्ने हुन्छ । जमिन र बजारको व्यवस्थापन, बीउबिजनमा अनुसन्धान, उत्पादनलाई बजारसम्म जोड्ने पूर्वाधार, तिनको उचित मूल्य निर्धारणसम्मका कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । कृषि क्षेत्र आर्थिक विकास र समृद्धिको मेरुदण्ड हो । यसले आर्थिक वृद्धिलाई गति दिनुका साथै गरिबी घटाउन, धनी र गरिब, महिला र पुरूषबीच रहेको आयको असमानता कम गर्न, जनसंख्यालाई खाद्य सुरक्षा प्रदान गर्न, र वातावर णीय विनाशलाई रोक्नसमेत ठूलो योगदान दिन्छ । खासगरी एसिया र अफ्रिकाका विकासशील देशमा पछिल्लो दशकमा देखिएको प्रगतिले पनि यो तथ्यलाई पुष्टि गरेको छ ।

# विचार

## विकासमा बढ्दैछ दुरूपयोग



**सम्झना नेपाली**



अहिलेको चुनाव संगसंगै मुगु जिल्लाको सन्दर्भमा विकासमा राजनितिले प्रत्यक्ष रुपमा प्रभाव पारेको देखिन्छ । अहिले नगरपालिका भित्रका धेरै वडामा विकासको नाममा सडक हैन, शिक्षाको लागि विद्यालय हैन, देवताका ठुला ठुला सिमेन्ट लगाएका पक्की मन्दिर बन्न थालेका छन । विकासमा राजनितिले गर्दा सकारात्मक भन्दा नकरात्मक प्रभाव धेरै देखिन्छ । राजनितिक पहुँच भएका गाउँमा गाउँ भित्रै ग्रावेल बाटो भैसकेको छ ।

तर राजनितिक पहुँच नभएका गाउँमा राम्रोसगँ आवतजावत गर्न मानिस हिड्ने बाटो पनि बनेको छैन । त्यहाँ मान्छे हिलोमा डुब्दै हिड्नु पर्छ । अर्को उदाहरणको रुपमा राजनितिक अनियमितताको कारणले अझै नाग्मा गमगढी सडक पिच हुन सकेको छैन ।

त्यसको फल स्वरुप १ वर्षमा ३ देखि ५ जना मान्छेले ज्यान गुमाउनु परेको छ । ५ देखि ७ जना मान्छे घाइते हुनु परेको छ । कुनै परियोजना छ भने विकासमा हैन आफ्ना आफन्त र आफ्नै पार्टीका कार्यकर्ताका आवश्यकताका लागि प्रयोग गर्ने प्रचलन बढिरहेको छ । मुगुको मुटुका रुपमा रहेको सदरमुकाम गमगढीमा बजार को मुख्य सडक ग्रावेल गर्न थालेको १ वर्ष भन्दा बढि भैसक्दा पनि अझ सम्म पुरै बजार ग्रावेल हुन सकेको छैन ।

जहाँ पायो त्यहि फोहोर डंगुरहरु फालिएका छन् । मुख्य मुटुको स्थिती यस्तो छ भने अनि अनी अरुको त के कुरा गर्नु ? नाग्मा गगमढी सडक कहिले पिच हुने ? अनी जनताले गरेको ठुलो आशा नाक्चेलाग्ना नाक कहिले खुल्ने ? र मुगाली जनताले सुलभ मुल्यमा सामान चाइनाबाट कहिले ल्याउने ?

यहि नाकाको झुटा आशा बाड्दै धेरै नेताहरु चुनाव जिते, पहुचमा पुगे । यस्तै झुटा आशाले गर्दा विकास संगै विनाश अझ थपिदै गईरहेको छ । जिल्लामा विकासको लागि अघि बढ्छु भन्ने व्यक्तिले जिल्लाको लागी र समाजको लागी बिकास गरिरहेका छैनन् । जो बिकासको सदुपयोग र दुरुपयोग दुवै बाट उनिहरुले नाफा लिईरहेका छन् । अझ भन्नुपर्दा आफु र आफ्नाहरुको पेट पाल्ने काम गरिरहेका छन् । त्यहि व्यक्तिले ठेक्का लिएर सडक बनाउछ तर त्यहि व्यक्ति सडकको छेउमा ढुङगा निकालेर सडकमा र्दुघटनाको सम्भावना बढाइरको छ ।

> *यहि नाकाको झुटा आशा बाड्दै धेरै नेताहरू चुनाव जिते, पहुचमा पुगे । यस्तै झुटा आशाले गर्दा विकास संगै विनाश अझ थपिदै गईरहेको छ ।*

गुणस्तरिय सडक बनाउने नाममा नाफा पनि त्यस्ता व्यक्तिले लिइरहेका छन जुन व्यक्ति राजनितिक रुपमा अगाडि छन्, जुन व्यक्तिले आफ्नो पहुँच माथि सम्म बढाइसकेका छन् । अहिले विकासको नाममा घर घरमा योजना लिने काम बढिरहेको छ । बन्नलाई जतातत‌ै सडक बनिरहेका छन तर गुणस्तरिय सडक भने अहिले सम्म बन्न सकेका छैनन ।

यदि नेताहरु र जान्ने मान्नेहरुको यहि चाला हो भने मुगाली जनताले यो वर्ष बनेको सडकमा फेरि अर्को वर्ष सवारी साधन चढेर त्यहि सडकमा आवात जावात गर्न पाउँला भन्ने आश सायद नगर्दा पनि हुन्छ । एउटै सडकलाई पञ्चवर्षे योजनाको रुपमा ल्याउछन तर त्यो सडक योजना सकिएपछि जस्तो थियो त्यस्तै अवस्थामा पुगिहाल्छ । अहिले मुगु जिल्लाको विकास यहाँको राजनितिक भित्र निर्भर भएको देखिन्छ । यहाँको राजनितिक स्थिरता भयो भने मात्र विकासको सम्भावना हुने देखिन्छ । सडकको बारेमा धेरै मान्छेहरु यस्ता कुराहरु गर्छन ।

एउटा स्थानिय कामदार सुर बहादुर मल्ल भन्नु हुन्छ : 'हाम्रो जिल्लामा विकास भन्ने कुराको शुन्यता छ । जिल्लाको विकास हैन यहाँ बस्ने व्यक्तिको विकास भैरहेको छ । अगाडि बढ्ने हाम्रा नेताले सडक कच्ची पक्की बनाउनु पर्छ भन्ने कुरालाई कम सोच्छन तर गाउँमा मात्र घर छ अब सहर घर बनाउनुपर्छ भन्ने कुरालाई बढि दिमागमा राखेर सोच्छन । हाम्रो पालामा त गुणस्तरिय सडक नाग्मा गमगढी सडक र नाग्चेलाग्ना सडक बन्ने सपना जस्तो भयो तर पछिल्लो पिढिंको पालामा बन्छ की खै थाहा छैन ।'

> *यदि नेताहरू र जान्ने मान्नेहरूको यहि चाला हो भने मुगाली जनताले यो वर्ष बनेको सडकमा फेरि अर्को वर्ष सवारी साधन चढेर त्यहि सडकमा आवात जावात गर्न पाउँला भन्ने आश सायद नगर्दा पनि हुन्छ ।*

यस्तै भनाइ एउटी अर्की ३ वर्ष देखि गाडिको सामान ओसार पसार गदै आइरहेकी महिला हरिनी नेपाली भन्छिन : 'सडकको फाइदाको नाममा हामीले गाडिको सामान ओसार पसार गरेर केहि आम्दानी गर्न पाएका छौँ । अरु सबै हामि जस्ताको लागि के नै फाईदा हुन्छ र ? गाउँमा राजनितिक कारणले गर्दा अर्को राजनितिक पार्टीले ल्याएका कामहरुमा जान पाइदैन । जान पाईएको काममा २ सय ज्याला पाईन्छ । मलाई त हामी जस्तालाई सडकले त्यति फाइदा गरको जस्तो लाग्दैन । हुने खानेलाई जान्ने बुझ्नेलाई धेरै फाइदा दिएको छ ।'

यी सबै सर्वसाधारण व्यक्तिका कुरालाई सुन्दा वास्तवमा सडकले हुने खाने अगाडि सर्ने व्यक्तिलाई मात्र फाइदा दिएको छ त । छ भने यसमा सबै जनता र जिल्लाको लागि केहि गर्छु भन्ने व्यक्तिले रुपान्तरण गर्न तर्फ लागिएन भने अझ कति यस्ता परिस्थितिहरु भोग्नुपर्ने हो थाहा छैन । यो विडम्वना ग्रस्त समाजमा यो राजनितिक खेललाई परिवर्तन गर्न जरुरी देखिरहेको छ । त्यसको लागि मुगाली जनतालाई चेतना तर्फ उन्मुख गराउनु पर्ने देखिन्छ ।

***(यो लेख टोरोन्टो विश्वबिद्यालय अन्र्तगत सडक निर्माण तथा बिकास सम्बन्धि गरिएको अध्ययनमा आधारित मेरो अनुभव हो ।)***

## मुगुबाट ५४ करोड बढि बजेट फ्रिज

मुगु । मुगुका सरकारी निकायबाट ५४ करोड ५८ लाख बजेट फ्रिज भएको छ । चालुतर्फ ४४ करोड ३८ लाख १० हजार र पुँजीगततर्फ १० करोड १६ लाख रकम खर्च नभएर फिर्ता गएको छरु। कोष तथा लेखा नियन्त्रकको कार्यालयका अनुसार जिल्लामा दुई अर्ब ४४ करोड २१ लाख बजेटमध्ये एक अर्ब ९९ करोड ८३ लाख खर्च भएको छरु।

कोष तथा लेखा नियन्त्रक धनप्रसाद शर्माले विगत वर्षको तुलनामा गत वर्ष कम बजेट फिर्ता भएको बताएरु। बढी बजेट स्थानीय तहमा निकासा भएकाले कम फिर्ता भएको उनको भनाइ छरु। जिल्लाका तीन स्थानीय तहले खर्चको विवरण नबुझाएको उनले बताएरु। स्थानीय तहले खर्चको विवरण नबुझाउँदा लेखाजोखामा समस्या देखिएको उनको भनाइ छरु।





व्यत्तिगत घटना दर्ताले सरकारको तथ्यमा नागरिकको जानकारी अद्यावधिक गर्दछ त्यसैले

● जन्मदर्ता ● मृत्युदर्ता ● बसाइसराई ● सम्बन्ध बिच्छेद ● बिवाह दर्ता

गर्न नभुलौं ।

सोरू गाउंपालिका गाउं कार्यपालिकाको कार्यालय जिमा मुगु ।